नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
बबरमहल, काठमाडौं

P.O. Box no. 213213
Tel: +977-1-4493847, +977-1-4439485
Email: info@bipad.gov.np
Website: ndrrma.gov.np/np


# मनसुन २०७८ को पाक्षिक प्रतिवेदन

(२०७८ जेठ ३१ - २०७८ असार १५)

नेपालमा मनसुन सामान्यतया असारको पहिलो साता शुरु हुने गर्दछ । गत वर्ष जेठ ३० बाट मनसुन शुरु भएकोमा यस वर्ष जेठ २८ बाटै मनसुन शुरु भई बाढी र पहिरोका घटनाबाट सिन्धुपाल्चोक र मनाङ् जिल्लामा ठूलो जनधनको क्षति भई हालसम्म **२६** जिल्ला बढी प्रभावित हुन गएका छन्।

यस वर्षको मनसुनबाट हालसम्म भएका जनधनको क्षति र खोज, उद्धार तथा राहत सम्बन्धी कामको विवरण देहाय बमोजिम रहेको छ।

### यस वर्ष (जेठ ३१-असार १५) को मनसुनजन्य घटनाबाट क्षति भएका स्थानहरु नक्सामा




नक्साः *https://bipadportal.gov.np/incidents/*

## मनसुनजन्य विपद् र मानवीय क्षति

| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | विस्थापित परिवार |
|---|---|---|---|---|---|
| बाढी | ३३ | १५ | २५ | ७ | ५८४ |
| पहिरो | ६७ | ११ | १ | १४ | ३७ |
| भारी वर्षा | ४४ | १ | ० | १ | ५५ |
| **जम्मा** | **१४४** | **२७** | **२६** | **२२** | **६७६** |

**पानीजन्य रोगलाइ यो तालिकामा समावेश गरिएको छैन ।*

## मनसुनजन्य विपदबाट क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचनाहरु

**निजी घर क्षति**
आंशिक - **११०**
पूर्ण - **४६२**

**सरकारी कार्यालय**
**२१**

**सरकारी/सामुदायिक विद्यालय**
**५**

**झोलुङ्गे पुल**
**१९**

**पक्की पुल**
**७**

**जलविद्युत आयोजना**
**१२**

प्राविधिक सहायताः आवास पुनर्स्थापना तथा पुनर्निर्माण समन्वय मञ्च

## मनसुनजन्य विपदबाट क्षति पुगेका राजमार्गहरु

| जिल्ला | राजमार्गको नाम | स्थान | हालसम्मको अवस्था |
|---|---|---|---|
| सिन्धुपाल्चोक | हिमरिभर हाईड्रोपावर जाने सडक | भोटेकोशी गा.पा. २ लिपिङ | पूर्णरुपमा अवरोध भएको |
| | अरनिको राजमार्ग | भोटेकोशी गा.पा. २ कोदारी | सडक भासिएर अवरोध भएको |
| मकवानपुर | भिमफेदी- कुलेखानी | भिमफेदी गा.पा. ६ गढी | पहिरोका कारण बाटो पूर्णरुपमा अवरोध |
| लमजुङ्ग | बेसिशहर-मनाङ्ग | मर्याङ्दी गा.पा. ४ च्याम्चे र रामबजार | खुलाउने कार्य जारी |
| मनाङ्ग | मनाङ्ग-बेसिशहर | चामे गा.पा. वडा नं ३ कोतो, वडा नं ४ चामे, निस्याङ्ग ४ होम्देबजार | पहिरोका कारण अवरुद्ध भएको खुलाउने प्रयास जारी |
| बाजुरा | मार्तडी-कोल्टी सडक खण्ड | बुढिनन्दा न.पा. २ दाङसाँघु खोला | नदीले सडक कटान गरेकोले पूर्णरुपमा अवरुद्ध |

## प्रादेशिक गोदाम र जिल्लाहरुमा पठाइएका सामग्रीहरुको विवरण

| क्र.म. | जिल्ला | टेन्ट | त्रिपाल | प्लाष्टिक सिट | कम्बल | स्लिपिङ्ग ब्याग | ब्लाङ्केट | जेनेरेटर | ग्याबिन तार (थान) | डिजेल (लि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मनाङ्ग | २९ | ५३४ | ३० | १० | २९ | ३५ | - | - | २००० |
| २ | सिन्धुपाल्चोक | ४१० | ६६५ | - | - | ११५ | ४५ | २ | ५०० | - |
| ३ | गोरखा | - | ४७ | ३० | - | - | - | - | - | - |
| ४ | बाजुरा | ५० | ११० | - | - | - | - | - | - | - |
| ५ | गुल्मी | २० | ५० | - | - | - | - | - | - | - |
| ६ | अर्घाखाँची | २० | ५० | - | - | - | - | - | - | - |
| ७ | सुनसरी | ३०० | - | - | - | - | - | - | - | - |
| ८ | बुटवल | ३०० | ५५० | - | - | - | - | - | - | - |
| ९ | नेपालगञ्ज | - | ५०० | - | - | - | - | - | - | - |
| १० | सुर्खेत | १०० | ३०० | - | - | - | - | - | - | - |
| ११ | धनगढी | - | ३०० | - | - | - | - | - | - | - |
| **जम्मा** | | **१२२९** | **३१०६** | **६०** | **१०** | **१४४** | **८०** | **२** | **५००** | **२००** |

## मनसुनजन्य विपदका घटनाहरुमा भएका खोज तथा उद्धारका कार्यहरु:

यस वर्षको मनसुनबाट सिन्धुपाल्चोक, मनाङ्ग, लमजुङ्ग, कास्की, बाजुरा, पाल्पा लगायतका २६ जिल्ला बढी प्रभावित भएका छन्। सो मध्ये मनाङ्ग र सिन्धुपाल्चोक जिल्लामा जनधनको बढी क्षति हुन गएको छ। अति प्रभावित जिल्लाहरुमा गृह मन्त्रालयको समन्वयमा भएका खोज, उद्धार कार्यहरुको विवरण निम्नानुसार उल्लेख रह्यो :

प्राविधिक सहायता: आवास पुनर्स्थापना तथा पुनर्निर्माण समन्वय मञ्च

### १. मनाङ्ग:

- मिति २०७८ ज्येष्ठ ३१ गते राती परेको अबिरल बर्षाका कारण मनाङ्ग जिल्लाको चामे र तालगाउ क्षेत्रमा बाढी र पहिरोको जोखिममा रहेका क्रमश: ३०० र २०० जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको।
- मिति २०७८।०३।२ गते बिहानैदेखि राहत सामाग्री सहित खोज तथा उद्दारका लागि हेलिकप्टर पठाउने प्रयास भएता पनि खराब मौसमका कारण उक्त दिन उडान हुन नसकेको।
- मिति २०७८।०३।०३ गते राहत सामाग्री (गैर खाद्य) सहित नेपाली सेनाको MI 17 हेलीकप्टर मनाङ्ग गई दिनभर खोज तथा उद्दारको काम गरेको।
- मिति २०७८।०३।०४ बिहान पीडितहरुका लागि लमजुङ्गबाट खाद्यान्न लगायतको राहत सामग्री ढुवानी गरिएको।
- मनाङ्गको विभिन्न स्थानमा जोखिममा रहेका ११८ जनाको हेली मार्फत उद्दार गरिएको।

### २. सिन्धुपाल्चोक:

- सिन्धुपाल्चोक जिल्लाको हेलम्बु र मेलम्ची क्षेत्रमा अबिरल बर्षाका कारण मिति २०७८।०३।०१ गते बेलुकी देखि गएको बाढी पहिरो र डुवानको जोखिममा रहेका (हेलम्बु क्षेत्रमा करीब ५०० र मेलम्ची क्षेत्रमा करीव ६०० जना) मानिसहरुलाई स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहको पहलमा सुरक्षित स्थान तर्फ स्थानान्तरण गरिएको।
- मिति २०७८।०३।०२ बिहानै देखि नेपाली सेनाको MI 17 हेलिकप्टर मार्फत खोज तथा उद्दारको कार्य गरेको र हालसम्म १२३ जनाको सकुशल उद्दार गरिएको।
- मिति २०७८।०३।०२ मा गृह मन्त्रालयबाट गैर खाद्य राहत सामग्री त्रिपाल २५०, टेन्ट १०० र स्लिपिङ ब्याग ५० थान मेलम्ची पुर्याई जिल्ला विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण भएको।
- मिति २०७८।०३।०३ मा थप गैर खाद्य राहत सामग्री टेन्ट ११० थान र त्रिपाल १५० थान चौतारा पुर्याई जिल्ला विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गरेको।
- बागमती प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित स्थानीय तहहरु लगायत अन्य मानवीय सहायता तथा विपद् व्यवस्थापनमा क्रियाशील संघ संस्थाहरुको सहकार्यमा प्रभावितहरुको तत्कालिन व्यवस्थापन गरिएको।
- मिति २०७८।०३।०५ गते बिहानदेखि नेपाली सेनाको MI 17 हेलिकप्टर द्वारा सिन्धुपाल्चोकको मेलम्ची, हेलम्बु, जुगल, पाँचपोखरी लगायतका विभिन्न दुर्गम स्थानमा खोज तथा उद्दार र राहत सामग्री वितरण कार्य गरिएको।
- हेलिकप्टरमा २ थान जेनेरेटर, १५ थान टेन्ट, ४५ थान ब्लाङकेट र २० थान स्लीपिङ्ग ब्याग पठाईएको।
- आवश्यकता भएका बखत हेलिकप्टर र अन्य माध्यमबाट खाद्यान्न र गैह खाद्यान्न सामाग्री पठाउने कार्य भईरहेको।
- नदी किनारमा अस्थायी तटबन्ध निर्माण र नदी channelized को काम भईरहेको।
- क्षतिको थप मुल्याङ्कन गर्ने कार्य भईरहेको।

### ३. गोरखा:

- मिति २०७८।०३।०३ गते गोरखा जिल्लाको उतरी क्षेत्र चुम्नुब्री सल्लेरीबाट बिश्व खाध्य कार्यक्रमले २ जनाको हवाई उद्दार गरेको र स्थानीय पीडितहरुलाई उपलब्ध गराउन मन्त्रालयबाट ४७ थान त्रिपाल र ३० थान प्लास्टिक सिट पठाईएको।
- मिति २०७८।०३।०७ गते सिम्रिक एयरको हेलिकप्टर मार्फत सुलीकोट गाउँपालिका १ बाट ४ जनालाई उद्दार गरिएको र १ जना वेपत्ता रहेको।
- थप क्षतिको मुल्याङ्कन गर्ने कार्य भईरहेको।

त्यसैगरी अन्य जिल्लाहरुमा स्थानीय स्तरमा खोज उद्दार तथा राहतका कार्यहरु भै रहेका छन्। स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश सरकारवाट मापदण्ड अनुसार नगद सहायता तथा अन्य राहत वितरण गर्ने कार्य तीब्र रुपमा भइरहेको छ। बाढी पहिरो पीडित भई घरबास गुमाएका घर परिवारहरुको लगत लिने तथा अस्थायी आबास सुविधा उपलब्ध गराउने कार्य शुरु भएको छ। विस्थापित घर परिहवारहरुको निजी आवास तीन वटै तहका सरकारहरुको साझा योगदानका आधारमा पुनर्निमाण तथा पुन:स्थापना गर्ने प्रयास सँगसँगै शुरु गर्ने योजना छ। खोज, उद्धार राहत, अनुगमन तथा अध्ययनका लागि विभिन्न मितिमा ठूला साना गरी **२०** वटा नेपाली सेनाको हेलीकप्टरबाट भए भने केही उडानहरु निजी हेलिकप्टरवाट पनि भए।

प्राविधिक सहायता: आवास पुनर्स्थापना तथा पुनर्निर्माण समन्वय मञ्च

## ४. अन्य कार्य:

- विपद्का घट्नाहरुबाट प्रभावितहरुलाई विपद् पीडित राहत मापदण्ड, २०६४ (सातौं संशोधन २०७७) वमोजिम जिल्ला विपद् व्यवस्थापन कोष मार्फत तत्कालको व्यवस्थाका लागि नगद राहत उपलब्ध गराइएको।
- जिल्ला विपद् व्यवस्थापन कोषमा केन्द्रीय विपद् व्यवस्थापन कोषबाट खोज, उद्दार र राहतका लागि रकम पठाईएको र रकम न्यून भएका जिल्लाबाट माग हुनासाथ तत्काल पठाउने व्यवस्था मिलाईएको ।
- मानवीय सहायता स्थल काठमाण्डौं, धनगढी, नेपालगञ्ज र सुर्खेत तथा प्रादेशिक विपद् गोदाम घरहरु ईनरुवा सुनसरी, हेटौडा मकवानपुर, पोखरा कास्की, र वुटवल रुपन्देहीमा राहत सामाग्रीहरु (गैर खाद्य) मौज्दात राखी सोही स्थानबाट जिल्लाहरुको आवश्यकताको आधारमा तत्काल उल्लिखित स्थानहरुबाट नै राहत सामाग्री पठाउने व्यवस्था मिलाईएको।
- अन्य विभिन्न जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय र सक्रियतामा खोज तथा उद्धारका कार्यहरु नियमित रुपमा भैरहेको।
- खोज तथा उद्दारमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका जनशक्तिहरु अग्रपङ्तीमा रही खटीरहेको साथै जिल्लाबाट थप मद्दतको लागि अनुरोध हुनासाथ खोज उद्दार तथा राहतको समन्वय र व्यवस्थापन भईरहेको।
- ७७ वटै जिल्लाहरुमा रहेका खुल्ला क्षेत्रहरु र हेलीप्याडको लगत संकलन गरी विवरण अद्यावधिक गर्ने कार्य भईरहेको ।

## पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य:

- चालु आ.व.मा मनसुनजन्य विपद्वाट क्षति भएका नीजि आवासहरुको पुनर्निर्माणका लागि हालसम्म २० जिल्लामा ३९४९ लाभग्राहीका लागि प्रथम किस्ता बापत रु. १९ करोड ९७ लाख ७३ हजार ७५० निकासा पठाइसकिएको छ ।
- आगामी वर्षका लागि खोज, उद्धार कार्यका लागि आवश्यक सामग्रीहरु खरिदका लागि बजेट विनियोजन भएको।

## तीन तहका सरकारहरुबीच भएको समन्वय र सहजीकरण:

- माननीय गृह मन्त्रीज्यूको संयोजकत्वमा मिति २०७८।३।६ गते सातै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यूहरुसँग विपद् व्यवस्थापनमा गरिने समन्वय र सहकार्यका सम्बन्धमा छलफल तथा अन्तरक्रिया बैठक गरिएको।
- विपद् प्रश्चात हुने पुनर्निर्माण कार्यमा तीन तहको सरकारबीच लागत सहभागीता हुने गरी कार्यविधी तर्जुमा भई कार्यान्वयन भइरहेको।

## अन्तर्राष्ट्रिय संघ सँस्थाका तर्फवाट वितरण भएका राहत सामग्रीहरु निम्नानुसार रहेको छः

| प्रदेश | म्याट्रेस | ब्लाङ्केट | त्रिपाल | टेन्ट | झुल | भाँडाकुडा |
|---|---|---|---|---|---|---|
| प्रदेश न. १ | ० | ० | २५० | ७५ | ० | ० |
| बागमती | १६२० | ९५५ | १३३१ | १३१ | ६०० | ३६० |
| लुम्बिनी | ७ | १४ | १४ | ० | ७ | ७ |
| **जम्मा** | **१६२७** | **९६९** | **१५९५** | **२०६** | **६०७** | **३६७** |

## त्यसै गरी निम्न सामग्रीहरु नेपाल रेडक्रस सोसाइटीले वितरण गरेको छः

गैरखाद्य सामग्री २४
त्रिपाल ७६
ब्लाङ्केट १५२
म्याट्रेस २००
हाईजिन कीट १०८
स्क्वटिङ्ग प्लेट १०
डिग्निटी किट्स ५०
बाल्टिन १०८
डोरी ७६
सेल्टर कीट २०
झुल १००
टेन्ट १
आपतकालिन शौचालय ३०

प्राविधिक सहायता: आवास पुनर्स्थापना तथा पुनर्निर्माण समन्वय मञ्च

## बाढी, पहिरो र भारी वर्षाबाट भएका गतबर्ष र यस वर्षको क्षतिको तुलनात्मक विवरण :

| मिति | घटना सख्या | मृत्यु | बेपत्ता | घाइते |
|---|---|---|---|---|
| २०७८ जेठ ३१ – असार १५ | १४४ | २७ | २६ | २२ |
| २०७७ जेठ ३० – असार १३ | ७२ | १८ | ० | १५ |

## यस वर्षको मनसुनजन्य विपदबाट भएका क्षतिका केही तस्विर :



*मिति २०७८ असार १ गते सिन्धुपाल्चोकको मेलम्ची गएको बाढी*
*फोटो: विकास भुषाल*



*मनाङ्गको सदरमुकाम र माथिल्लो मनाङ्ग जोड्ने पक्की पुलमा बाढीले रुखहरु थुपारेपछि काटेर खोलाको बहाव खोल्दै सुरक्षाकर्मी।*
*फोटो: होमनाथ पन्थी*

प्राविधिक सहायता: आवास पुनर्स्थापना तथा पुनर्निर्माण समन्वय मञ्च



*मनाङ्गको चामे गाउँपालिका ३ स्थित नयाँ बजार र चामे बजार जोड्ने घट्टेखोलामा काठे पुल बनाउदै सुरक्षाकर्मी।*
*फोटो: नेपाली सेना*

प्राविधिक सहायता: आवास पुनर्स्थापना तथा पुनर्निर्माण समन्वय मञ्च